**सूर्योदय नगरपालिकाको गाईको प्रजननका लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/१०/२९

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको गाईको प्रजननका लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको गाईको प्रजननका लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९** हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले " सूर्योदय नगरपालिकाको गाईको प्रजननका लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"लाई जनाउनेछ ।

**३.** मूल कार्यविधिको दफा २ को खण्ड झ) मा "होलेस्टिन" शब्द पछि "र जर्सी" भन्ने वाक्यांश थप गरिएको छ ।

**४.** मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड घ) मा "खरिद मूल्यको ५० प्रतिशत रकम" को सट्टामा "खरिद मूल्यवापत रु. १५०० रकम" राखिएको छ ।

**५.** मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड छ) हटाइएको छ ।

**६.** मूल कार्यविधिको दफा ६ को उपदफा (३) मा रहेको "तर कृत्रिम गर्भाधान असफल भई दोहोऱ्याउनु परे सम्बन्धित वडा कार्यालयले प्रमाणित गरी पशु सेवा शाखालाई पठाउनु पर्नेछ ।" भन्ने वाक्यांश हटाइएको छ ।